नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

# सूचना प्रविधि विभाग

सूचना प्रविधि पार्क, काभ्रे

## ई-भिलेज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

## कार्यविधि - २०७०

**माघ, २०७०**

# बिषय - सूची


परिच्छेद - १ .......... 3

१.१ परिचय (Introduction) .......... 3

१.२ ई-भिलेजका क्षेत्रहरु (Sectors of e-Village) .......... 4

१.२.१ शिक्षा (e-Education) .......... 4

१.२.२ स्वास्थ्य (e-Health/Telemedicine) .......... 4

१.२.३ कृषि (e-Agriculture) .......... 6

१.२.४ सञ्चार (Communications) .......... 7

१.२.५ स्थानीय विकास तथा नागरिक क्षमता अभिवृद्धि .......... 7

परिच्छेद - २ .......... 8

२.१ कार्यान्वयन ढाँचा (Implementation Methodologies) .......... 8

२.१.१ कार्यक्रम कार्यान्वयन समिति .......... 8

२.१.२ कार्यक्रम समन्वय समिति .......... 9

२.१.३ ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समिति .......... 10

२.१.४ स्थान छनोट .......... 10

२.१.५ स्थापना (Setup of e-Village) .......... 11

२.१.६ सञ्चालन तथा व्यवस्थापन .......... 13

परिच्छेद - ३ .......... 14

३.१ सूचना प्रविधि स्वयंसेवक कार्यक्रम .......... 14

३.२ सूचना प्रविधि स्वयंसेवकको योग्यता तथा छनौट विधि .......... 15

३.३ ई-भिलेज कार्यक्रमको विस्तार .......... 15

३.४ विविध .......... 15

# परिच्छेद - १

## १.१ परिचय (Introduction)

आजको युग सूचना प्रविधिको युग हो र विश्व परिवेश नै यस प्रविधिको प्रयोगमा धेरै अगाडी वढिसकेको छ । नेपाल जस्तो विकासोन्मुख र भौगोलिक विविधता रहेको मूलुकमा सूचना तथा सञ्चार प्रविधिको द्रुततर विकास र प्रयोगबाट ग्रामीणक्षेत्रको आर्थिक तथा सामाजिक विकास गरि जीवनस्तर माथि उठाउन प्रशस्त सम्भावना तथा अवसरहरु रहेका छन । सूचना प्रविधि नीति - २०६७ को वुँदा नं. ८.६ मा उल्लेख भए बमोजिम सर्वप्रथम सूचना प्रविधिको पहुँच महिला, दलित, जनजाती, विपन्न वर्ग, अपाङ्ग एवं ग्रामीण तथा विकट क्षेत्रका अन्य समुदाय सम्म पु-याउन सकेको अवस्थामा यस प्रविधिको प्रयोगबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा पुर्वाधार निर्माण लगायतका क्षेत्रको विकासलाई समावेशी तथा सहभागितामूलक तवरले अगाडी वढाउन सकिन्छ । अन्यथा सूचना प्रविधिको विकास र प्रयोग शहरी क्षेत्रमा मात्र सिमित हुन पुग्ने र अवसरहरु पनि शहरी क्षेत्रमा बसोबास गर्ने सम्पन्न वर्गका सिमित जनसंख्यालाई मात्र प्राप्त हुने भएकोले प्रविधिको पहुँच तथा यसको विकास र प्रयोगवाट प्राप्त हुने प्रतिफल तथा लाभाङ्स (Digital Dividend) ग्रामीण भेगका दुर्गमक्षेत्रसम्म पु-याउने लक्ष्य राखि ई-भिलेज कार्यक्रमको अवधारणा तयार पारिएको छ । ई-भिलेज भन्नाले सूचना प्रविधिको पहुँच ग्रामीणस्तरसम्म पु-याउनु र यसको माध्यमवाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन लगायतका क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धन गर्नु हो । कार्यक्रमलाई चरणवद्दरुपमा लागू गर्दै व्यवस्थित ढंगवाट देशका सवै ग्रामीण क्षेत्रसम्म पु-याउने लक्ष्यलाई सुनिश्चित गर्न यो कार्यविधि जारी गरिएको छ ।

## १.२ ई-भिलेजका क्षेत्रहरु (Sectors of e-Village)

साधन स्रोतको उपलव्धता तथा स्थानीयतहको माग, आवश्यकता र प्राथमिकताको आधारमा ग्रामीण स्तरमा यस कार्यक्रमलाई विशेषगरी निम्न क्षेत्रहरुमा लागु गरिने छ ।

### १.२.१ शिक्षा (e-Education)

शैक्षिक क्षेत्रमा सूचना प्रविधिको प्रयोग अत्यन्तै प्रभावकारी हुने देखिएको छ । विद्यालय र माथिल्लो तहको शिक्षाको प्रभावकारिताको लागि आवश्यक शैक्षिक सामग्रीहरु जस्तैः शिक्षण सफ्टवेयर, ई-पुस्तक तथा शिक्षण र प्रयोगशाला संवन्धी अडियो, भिडियो सामाग्रीहरु उपलब्ध गराईने छ । साथै ग्रामिण भेगमा शहरी क्षेत्रको सुविधा सम्पन्न विद्यालयमा अभ्यास भएको पाठ्यसामाग्री तथा शिक्षण बिधिलाई दूर-शिक्षा (Distance Learning) को माध्यमबाट ग्रामीण तथा दुर्गम क्षेत्रसाम्म पुर्‍याउन सकिने छ। भौतिक पुर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुननसक्ने ठाँउमा अन्यत्र भएको प्रयोगात्मक कक्षाको श्रव्य दृष्य (Video) देखाउन सकिनेछ ।

### १.२.२ स्वास्थ्य (e-Health/Telemedicine)

टेलिमेडिसिन भन्नाले विद्युतीय प्रविधि प्रयोग गरी एक ठाउँबाट अर्को ठाउँसम्म पुर्‍याइने चिकित्सकीय सेवालाई बुझाउँछ । पछिल्लो दशकमा स्वास्थ्य क्षेत्रमा भएको यस प्रविधिको प्रयोग भौगोलिक विकटता खेप्दै आएका संसारका कैंयौ स्थानमा बरदान नै सावित भएको छ । इन्टरनेट वा अन्य कुनै टेलिकम्युनिकेशन प्रविधिको प्रयोगवाट सञ्चालन गरिने टेलिमेडिसिनको सिधा अर्थ हुन्छ दूर-स्वास्थ्य सेवा जसमा शहरको विशेषज्ञ डाक्टरले प्रदान गर्ने स्वास्थ्य सेवालाई गाउँ सम्म पुर्‍याइन्छ । पचहत्तरै जिल्लामा राम्रो स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यसहित नेपाल सरकारले विभिन्न जिल्लाहरुमा टेलिमेडिसिन सेवा विस्तार गरेको छ ।

हाम्रो जस्तो भौगोलिक विविधता बोकेको देशमा यो प्रविधि प्रभावकारी हुने देखिन्छ । टेलिमेडिसिनले गर्दा आज दूर-स्वास्थ्य सुविधा सम्भव भएको छ । नेपाल जस्तो दुर्घम तथा भौगोलिक रुपमा विकट र न्यून तथा शहर केन्द्रित चिकित्सकहरु भएको देशको लागि टेलिमेडिसिन सेवा एउटा अत्यन्तै ठूलो संभावनाको रुपमा रहेको छ । यस प्रविधि मार्फत धेरै भन्दा धेरै विरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिन्छ । बिरामी जाँच्न अस्पताल नै पुग्नु पर्ने बाध्यतालाई टेलिमेडिसिनले सहजै समाधान गरेको छ । ग्रामीण भेगका स्वास्थ्य तथा उप-स्वास्थ्य चौकीमा हुने उपचारलाई शहरी सुविधा सम्पन्न अस्पतालहरुसँग गरिने टेलिमेडिसिन को माध्यमबाट प्रभावकारी बनाई गुणस्तरीय स्वास्थ्य सेवामा ग्रामीण भेगको जनाताको सहज पहुँच सुनिश्चित गर्ने पद्धति अवलवम्वन गरिने छ । यसका लागि सामान्यतया दुई किसिमका प्रविधिहरु प्रयोग गरिनेछन् ।

**रियल टाइम भिडियो कन्फेरेन्सिङ**

यो प्रविधिमा बिरामी र चिकित्सक दुवैतर्फ राम्रो व्याण्डविड्थ भएको इन्टरनेट कनेक्टिभिटि र अत्याधुनिक क्यामेराका साथ पर्दा जडित हुन्छ । जसले बिरामीसहितको भिडियो चित्र जस्ताको तस्तै चिकित्सकको पर्दामा देखाउँछ, यसले चोटपटक लागेका स्थान र समस्या स्पष्ट हुन्छ । त्यसैगरी चिकित्सक तर्फको क्यामेराले पनि भिडियो अर्कोतर्फ प्रसारण गर्छ । बिरामीसँग रहेका स्वास्थ्य सहायकले पर्दामा चिकित्सकले भने र गरे अनुसारकै उपचार अगाडि बढाउँछन् । एकै ठाउँमा सँगै बसेर संवाद गरे झै गर्न सम्भव यो प्रविधि केही खर्चिलो भएता पनि यो सेवा सञ्चालनका लागि बिरामी र चिकित्सक दुवै पक्ष एकसाथ क्यामेराको अगाडि उपस्थित हुने भएकोले प्रत्यक्ष अन्तर्क्रियाद्धारा आपतकालिन तथा नाक, कान, आँखाजस्ता संवेदनशील अङ्गको उपचारका साथै नशा, प्रसूति, मानसिक जस्ता जटिल समस्याहरु समेत समाधान गर्न सकिनेछ ।

रियल टाइम भिडियो कन्फरेन्सिङ प्रविधि टेलिमेडिसिनका अतिरिक्त ई-शिक्षा तथा ई-कृषि क्षेत्रको विकासको लागि पनि अत्यन्तै उपयोगी हुने गर्दछ ।

**स्टोर एण्ड फर्वाड (ई-मेल, वेब-साईट)**

भण्डारण गरी अघि बढाइने यो पद्धतिमा माथिका जस्ता अत्याधुनिक उपकरण भने आवश्यक पर्दैनन् । बिरामीको सामान्य रक्तचाप, श्वासप्रश्वासलगायत केही लक्षणहरू सोधपुछ गरी पहिले एक ठाउँमा सुरक्षित राखिन्छ र चिकित्सकसम्म पुऱ्याउनका लागि अगाडि बढाइन्छ । यसमा दुवै पक्ष एकैसाथ उपस्थित रहन आवश्यक पर्दैन । आफूलाई उपयुक्त हुने समयमा बिरामी अस्पताल पुगी आँफ्ना सबै समस्या स्वास्थ्य सहायकलाई सुनाउँछ र उक्त सूचना एउटा निश्चित ढाँचामा भरी चिकित्सकलाई पठाइन्छ । यो सबै प्रक्रिया अफलाइन हुने हुँदा निकै नै सानो ब्याडविड्थको इन्टरनेटले समेत सहजै काम गर्न सक्छ । चिकित्सकले आफूलाई सजिलो हुने गरी कुनै पनि बेला उक्त जानकारी अध्ययन गरी समस्या पत्ता लगाई उपचार विधि प्रक्रियासहित जवाफ पठाउँछन् । त्यही जवाफ अनुरूप उता बिरामीको उपचार अगाडि बढ्दछ । केही विलम्ब हुने भएकाले यो विधि छाला, हाडजोर्नी रोग जस्ता अलिक कम संवेदनशील समस्यामा यो विधि अवलम्वन गर्न सकिनेछ ।

## १.२.३ कृषि (e-Agriculture)

सूचना प्रविधिको प्रयोगद्धारा कृषि क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने कार्यलाई ई-कृषि भनिन्छ । ई-कृषि आँफैमा कुनै कृषि उत्पादनको प्रविधि नभै यो एउटा कृषि क्षेत्रको विकास तथा विस्तारको लागि राम्रो साधनको रुपमा रहेको छ । उदाहरणको लागि कृषकहरु विच सञ्चार आदान प्रदान गर्न, अनुभव साटासाट गर्न, वेब-साईट मार्फत कृषि उत्पादनहरुको वजार विस्तार गर्न

तथा कृषिका नयाँ नयाँ प्रविधिहरुको जानकारी उपलब्ध गराउन तथा भिडियो मार्फत कृषकहरुलाई उत्पादनको व्यवहारिक ज्ञान दिनको लागि यस प्रविधिको प्रयोग गरिनेछ ।

### १.२.४ सञ्चार (**Communications**)

आजको युगमा सूचना तथा सञ्चार प्रविधि भनेको प्रत्येक मानिसको प्राथमिक आवश्यकता भएको छ । देशका दुर्गम तथा ग्रामीण भेगमा वसोवास गर्ने अधिकाँश जनसमुदाय आधुनिक सञ्चारका प्रविधिहरुको पहुँचवाट पूर्ण रुपमा नजिक हुन नसकेको परिप्रेक्ष्यमा ई-भिलेज कार्यक्रम मार्फत सञ्चारका पछिल्ला प्रविधिहरु जस्तै ई-मेल, इन्टरनेट, टेलिकम्यूनिकेशन, भिडियो कन्फ्रेन्सिङ आदिको विकास तथा विस्तार गरि जनस्तरसम्म सूचना तथा सञ्चारको पहुँचलाई विस्तार गरिनेछ ।

### १.२.५ स्थानीय विकास तथा नागरिक क्षमता अभिवृद्धि

स्थानीय स्तरमा हुने विकासका कार्यक्रम तथा गतिविधिहरु ई-भिलेज कार्यक्रम मार्फत जनस्तरमा पु-याई जनतालाई सुसूचित गरिनेछ । साथै जनताको क्षमता अभिवृद्धि गर्न आवश्यक सामग्रीहरु (भिडियो समेत) स्थानियस्तरमा पु-याएर सहभागितामूलक विकासलाई सहजिकरण गरिनेछ ।

# परिच्छेद - २

## २.१ कार्यान्वयन ढाँचा (Implementation Methodologies)

ई-भिलेजको कार्यक्रमको स्थापना, सञ्चालन र व्यवस्थापनको लागि निम्नानुसारका व्यवस्थाहरु गरिने छ।

### २.१.१ कार्यक्रम कार्यान्वयन समिति

ई-भिलेज कार्यक्रमको स्थान छनोट, स्थापना तथा अनुगमन र मूल्यांकन गर्नको लागि सूचना प्रविधि विभागका महानिर्देशकज्यूको संयोजकत्वमा देहाय वमोजिमको समिति गठन हुनेछ ।

- ❖ महानिर्देशक - संयोजक
- ❖ निर्देशक, प्रशासन योजना तथा अनुगमन महाशाखा - सदस्य
- ❖ निर्देशक, विद्युतीय शासन महाशाखा — सदस्य
- ❖ निर्देशक, पुर्वाधार विकास, सुरक्षण तथा नियमन महाशाखा - सदस्य
- ❖ निर्देशक, तालिम, अनुसन्धान र विकास महाशाखा - सदस्य
- ❖ कम्प्यूटर अधिकृत, पु. वि. सु. तथा नि. महाशाखा - सदस्य - सचिव

कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार ।

१. तोकिएका मापदण्ड र आधारहरुको सिमाभित्र रहि ई-भिलेज तथा सूचना प्रविधि स्वयंसेवक कार्यक्रम सञ्चालन हुने जिल्ला छनोट गर्ने ।

२. संवन्धित जिल्ला विकास समिति तथा गाविससँग, स्थान छनोट, सहकार्य गर्ने सँघ/सँस्था तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक विषयमा समन्वय गर्ने ।

३. विभागवाट प्रदान गरिने उपकरण एवं सफ्टवेयरको सूचि तथा लागत अनुमान तयार गर्ने ।

४. ई-भिलेज का लागि आवश्यक उपकरण तथा सफ्टवेयर खरिद संवन्धी व्यवस्था गर्ने ।

५. कार्यक्रम सञ्चालनको लागि हार्डवेयर उपकरणहरु सेटअप तथा सफ्टवेयर सेटअप संवन्धि कार्य गर्ने ।

६. कार्यक्रमको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

७. क्षमता अभिवृद्धि संवन्धि तालिम कार्यक्रम सञ्चालन गर्ने ।

८. ई-भिलेजको विस्तारका लागि आवश्यक नीति तथा योजना प्रस्ताव गर्ने ।

९. सूचना प्रविधि स्वयंसेवकहरुको छनौट र परिचालनलाई व्यवस्थित गर्ने ।

## २.१.२ कार्यक्रम समन्वय समिति

ई-भिलेज कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्नको लागि आवश्यक अध्ययन, अनुसञ्धान तथा परामर्श र शिक्षा, स्वास्थ्य तथा कृषिसँग संवन्धित डिजिटल Applications and Contents को विकास तथा संकलन गर्न सूचना प्रविधि विभागका महानिर्देशकज्यूको संयोजकत्वमा निम्नानुसारको कार्यक्रम समन्वय समिति गठन गरिनेछ ।

| | |
|---|---|
| महानिर्देशक | संयोजक |
| निर्देशक, प्रशासन तथा योजना महाशाखा | सदस्य |
| निर्देशक, विद्युतीय शासन महाशाखा | सदस्य |
| निर्देशक, तालिम, अनुसञ्धान र विकास महाशाखा | सदस्य |
| अधिकृत प्रतिनिधि, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| अधिकृत प्रतिनिधि, कृषि सूचना तथा सञ्चार केन्द्र | सदस्य |
| अधिकृत प्रतिनिधि, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र | सदस्य |
| अधिकृत प्रतिनिधि, शिक्षा मन्त्रालय | सदस्य |
| निर्देशक, पूर्वाधार विकास, सुरक्षण तथा नियमन महाशाखा | सदस्य-सचिव |

### २.१.३ ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समिति

माथि उल्लेखित समितिका अतिरिक्त ई-भिलेज लागु हुने स्थानमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिने सँस्थाले स्थानीय सरोकारवालाहरु (शैक्षिक सँस्था, गाविस, स्वास्थ्य चौकी/उपचौकी, कृषि केन्द्र, सहकारी, उपभोक्ता समिति, सामुदायिक सँस्था, सूचना प्रविधिको क्षेत्रमा काम गर्ने गैर सरकारी सँस्था, आदि) को सहभागिता हुने गरि एउटा ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नेछ । यस समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

- ❖ ई-भिलेज कार्यक्रम सञ्चालनको लागि सुरक्षित पक्कि भवनको व्यवस्था गर्ने ।
- ❖ टेलिफोन, ईन्टरनेट, पानी, विद्युत आदिको व्यवस्था गर्ने तथा सोको लागि आवश्यक वजेट व्यवस्थापन गर्ने ।
- ❖ सेटअप तथा जडान गरिएका सम्पूर्ण उपकरणहरुको नियमित मर्मत सम्भारको व्यवस्था गर्ने ।
- ❖ ई-भिलेज व्यवस्थापन कोष स्थापना गर्ने ।
- ❖ सेवाग्राहीहरुलाई दिने सेवाको शुल्क निर्धारण गर्ने र सो शुल्क व्यवस्थापन कोषमा जम्मा गर्ने ।

### २.१.४ स्थान छनोट

ई-भिलेज कार्यक्रम सञ्चालन गर्नको लागि शुरुमा कार्यक्रम लागु गर्ने जिल्ला, गाविस तथा वार्डहरुको छनोट गर्नुपर्ने हुन्छ। यसको लागि सम्भावित गाविसहरुको वस्तुगत तथा स्थलगत निरिक्षण गरि सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । स्थान छनोटको लागि निम्न बमोजिमका आधारहरु लिनुपर्नेछ ।

१. अनिवार्यरुपमा विद्युत आपुर्ति भएको ।

२. ईन्टरनेट कनेक्टिभिटीको लागि तार वाताररहित वा दुवै प्रविधिको गुणस्तरीयता ।

३. सूचना प्रविधि तथा ई-भिलेजका क्षेत्र (Sectors) हरुमा तालीम प्राप्त अथवा ज्ञान भएको जनशक्तिको उपलव्धता ।

४. कार्यक्रम लागु भैसकेपछि अपनत्व लिएर जिम्मेवारीका साथ सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने सक्षम संगठनहरु (जस्तै गाविस, सहकारी, स्कुल, कम्प्यूटर एशोसिएसन अफ नेपाल, गैसस आदि ) भएको स्थानलाई प्राथमिकता दिने ।

५. कम्प्यूटर लगाएतका उपकरणहरुको सुरक्षाको लागि पक्की भवन लगाएत अन्य आवश्यक भौतिक पूर्वाधारको व्यवस्था ।

६. स्थान छनोट गर्दा सकेसम्म समानुपातिक रुपमा भौगोलिक क्षेत्र, प्रशासनिक क्षेत्र तथा समुदायलाई समेटने गरि छनोट गर्ने ।

७. दिगो व्यवस्थापनका आधारहरु (Sustainability Models) को विश्लेषण गर्ने ।

८. ई-भिलेज स्थापना भैसकेपछि सो को निरन्तरता र दिगोपनाको लागि आवश्यक पर्ने लगानी स्थानीयस्तर वाटनै व्यहोर्ने प्रतिवद्धता भएको स्थानीय निकाय ।

### २.१.५ स्थापना (Setup of e-Village)

कुनै पनि प्रविधिको स्थापना तथा प्रयोग गर्नको लागि शुरुमा त्यस प्रविधिको लागि आवश्यक हार्डवेयर उपकरणहरु जडान तथा सेटअप (Installation) गर्नुपर्ने हुन्छ । ई-भिलेज कार्यक्रम लागु गर्नको लागि आवश्यक उपकरणहरुमा निम्नानुसार पर्दछन ।

१. कम्प्यूटर
२. प्रिन्टर
३. स्क्यानर
४. फोटोकपी
५. प्रोजेक्टर
६. वेव क्यामरा, डिजिटल क्यामरा

७. ईन्टरनेट जडानका लागि आवश्यक उपकरणहरु

उपरोक्त उपकरणहरु वाहेक ई-भिलेजका अवयव (जस्तै टेलिमेडिसिन) को लागि संवन्धित उपकरणहरु (Specific Equipments) को पनि सेटअप गर्नुपर्ने हुनसक्छ । उपकरणको सेटअप भैसकेपछि ईन्टरनेट जडान गरिन्छ । ई-भिलेज कनेक्टिभिटिको लागि संवन्धित ठाउँको सम्भाव्यता तथा उपलब्ध साधन र स्रोतको अध्ययन गरि निम्न उल्लेखित प्रविधिहरु प्रयोग गर्न सकिने छ ।

१. लिज लाईन (Lease-line Connectivity)
२. अप्टिकल फाइवर (Fiber Optic Connectivity)
३.ताररहित (Wireless Connectivity like Microwave, Wi-Max)
४. एडिएसएल (ADSL Connectivity)
५. इन्टरनेट कार्ड (जस्तै एनसेल, टेलिकम, यूटिएल आदि.)

हार्डवेयर सेटअप तथा ईन्टरनेट जडान भैसकेपछि कार्यक्रमको लागि आवश्यक सफ्टवेयर तथा वेव-पोर्टल सञ्चालन गरिनेछ । ई-भिलेज कार्यक्रमको लागि निम्न उल्लेखित सफ्टवेयरहरु प्रयोग गर्न सकिने छ ।

१. अन्तरक्रियात्मक वेव-पोर्टल जसले शिक्षा, स्वास्थ्य, कृषि लगाएतका क्षेत्रको अनलाईन डाटा तथा सूचना वैंकको रुपमा काम गर्दछ ।
२. कम्प्यूटरले शिक्षकले जस्तै सिकाउने ई-शिक्षा, ई-लर्निङ संवन्धी सफ्टवेयरहरु
३. कृषिको व्यबहारिक ज्ञान प्रदान गर्ने ई-कृषि संवन्धी भिडियोहरु
४. टेलिमेडिसिन संवन्धि सफ्टवेयर

हार्डवेयर, सफ्टवेयर सेटअप तथा ईन्टरनेट जडान गर्ने कार्य पूर्णरुपमा सम्पन्न भैसकेपछि सिस्टम सञ्चालन गर्नको लागि कार्यरत अप्रेटरहरुलाई प्रणाली सञ्चालन तथा व्यवस्थापन को तालिम प्रदान गरिने छ ।

## २.१.६ सञ्चालन तथा व्यवस्थापन

सूचना प्रविधि विभागको सहयोगमा कार्यक्रम लागु भैसकेपछि यसको सञ्चालन तथा व्यवस्थापनको लागि सवै पक्षलाई समेटने गरी एउटा स्थानीय ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । कार्यक्रम सञ्चालनको लागि स्थानीय समिति र सूचना प्रविधि विभाग विच लिखित संझौता गरि सञ्चालित कार्यक्रमलाई निरन्तरता प्रदान गर्न सो समितिलाई जिम्मेवार वनाईनेछ । साथै केन्द्रीय निकायले कार्यक्रम प्रभावकारी भए नभएको अनुगमन गर्ने र आवश्यक परेको वेलामा आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने ।

# परिच्छेद - ३

## ३.१ सूचना प्रविधि स्वयंसेवक कार्यक्रम

सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका हरेक क्षेत्रमा सूचना प्रविधिको प्रयोग अत्यावश्यक भएको सन्दर्भमा ग्रामीण तथा दुर्गम क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्ने उद्देश्यका साथ सूचना प्रविधि स्वयंसेवक कार्यक्रमको अवधारणा तयार पारिएको छ । सूचना नै शक्ति भएको आजको युगमा राष्ट्रनिर्माणका हरेक क्रियाकलापहरुलाई लक्ष्योन्मुख बनाउन, शिक्षित र सीपयुक्त युवा एवं अन्य उमेरसमूहका जनशक्तिको उपयोग गर्न तथा स्थानीय निकायहरुलाई आवश्यक पर्ने सूचना प्रविधिसँग संवन्धित दक्ष जनशक्तिहरुको विकास गरि ज्ञानमा आधारित समाजको स्थापना गर्न सहयोग पु-याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ ।

यस आर्थिक वर्ष (२०७०/७१) मा सूचना प्रविधि स्वयंसेवक कार्यक्रम ई-भिलेज सञ्चालन हुने ५ वटा क्षेत्रहरुमा सँगसँगै लागु गरिनेछ । प्रत्येक ई-भिलेजमा १ देखि २ जना स्वयंसेवक परिचालन गरिनेछ । ई-भिलेज कार्यक्रम लागु गरिसकेपछि उक्त स्थानमा स्थानीय ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समितिसँग समन्वय गरी विभागले सू.प्र. स्वयंसेवक छनौट गर्नेछ र स्वयंसेवकलाई कार्यक्रम सञ्चालनको जिम्मा दिईनेछ । यसको लागि विभागले आवश्यक दक्षता अभिवृद्धि संवन्धी तालिम प्रदान गर्ने छ ।

कार्यक्रमलाई प्रभावकारी वनाउनको लागि स्वयंसेवकलाई शुरूको एक वर्ष प्रतिमहिना निश्चित प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ । दोस्रो वर्षदेखि स्वयंसेवकको प्रोत्साहन भत्ताको व्यवस्था स्थानीय स्तरवाट नै गराउने संवन्धि समझदारी विभाग र स्थानीय स्तरको ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समितिविच कार्यक्रम लागू हुनुपूर्वनै गरिनेछ ।

## ३.२ सूचना प्रविधि स्वयंसेवकको योग्यता तथा छनौट विधि

- ❖ सूचना प्रविधि स्वयंसेवकले कम्तिमा एसएलसी उत्तिर्ण गरि कम्प्यूटर संवन्धी आधारभूत तालिम प्राप्त गरेको हुनुपर्नेछ ।
- ❖ स्वयंसेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिहरु मध्येवाट सूचना प्रविधि तथा ई-भिलेज संवन्धी ज्ञान र सिपको परिक्षण गरी स्वयंसेवक छनौट गरिने छ । परिक्षण कम्तिमा कम्प्यूटर अधिकृतस्तरको विज्ञवाट गरिनेछ ।
- ❖ छनौट संवन्धी अन्य विधि सूचना प्रविधि विभाग तथा स्थानीय ई-भिलेज सञ्चालन तथा व्यवस्थापन समितिले तय गरे बमोजिम हुनेछ ।

## ३.३ ई भिलेज कार्यक्रमको विस्तार-

सूचना प्रविधि नीति २०६७, चालु त्रिवर्षीय योजना(२०७०/७१ – २०७२/७३) तथा नेपाल सरकारका अन्य नीति तथा कार्यक्रमका आधारमा ई-भिलेज कार्यक्रमको विस्तार गर्दै लगिने छ ।

## ३.४ विविध

यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्नुपरेमा सूचना प्रविधि विभागको शिफारिसको आधारमा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले गर्नेछ ।